# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०८२

गाउँसभाको १३ औं अधिवेशनमा मिति २०८२/०३/१० गतेका दिन
गाउँपालिका उपाध्यक्ष श्री राजकुमारी रेउले ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

**यस त्रिवेणी गाउँपालिकाको गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,**

**सदस्य ज्यूहरु,**

राष्ट्रको महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुऱ्याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुऱ्याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै गाउँसभाको यस १३ औं अधिवेशनमा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु ।

यस गरिमामय सभामा उपस्थित आमन्त्रित अतिथि गणहरु, पत्रकार, सुरक्षाकर्मी, विभिन्न संघसंस्थाका प्रतिनिधि, कर्मचारी लगायत सम्पूर्ण त्रिवेणीबासी आमा, बुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहान्छु । राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै त्रिवेणी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्य, विविधता र पछिल्लो समयमा देखिएको विकासक्रमले सकारात्मक सन्देश दिएको अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

त्रिबेणी गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. हरु रुँघा, खारा, मूरु, पेउघा र नुवाकोटको (३) नं वडाको भूभाग ओगटेर बनेको यस गाउपालिकाको कुल क्षेत्रफल ८५.४९ वर्ग कि.मी. रहेको र १० वटा वडामा पछिल्लो तथ्यांक अनुसार ४४०० घरधुरी र कूल जनसंख्या २३,५२० रहेकोमा हालको सन्दर्भमा सो संख्यामा बृद्धि भई गाउँपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा बृद्धि हुँदै गएको छ । राज्यको पुर्नसंरचनाका क्रममा त्रिवेणी गाउँपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचना निर्माण कार्य क्रमिक रुपमा भैरहेको अवस्था छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका लागि सबै सरोकारवालाहरुले यसमा ध्यान पुऱ्याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आर्कषण गराउन चाहान्छु ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम गाउँ पालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन र (मन्त्रिपरिषद) प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका उपरोक्त योजनाहरुको समिक्षा, विश्लेषण र नयाँ मागलाई सम्बोधन गर्न पालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनको चरणमा रहेको छ र विकासका लागि गाउँपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा सगर्व निवेदन गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि बिगतको सामन्ती केन्द्रिकृत राज्य सयन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्फुर्तरुपमा जागृत भएको छ । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँ सरकारको तर्फबाट गाउँपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र त्रिवेणी गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८२/०८३ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८१/०८२ को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

## राजश्व संकलनको अवस्था

आर्थिक वर्ष २०८१/०८२ मा रु. एक करोड राजश्व संकलनको लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको हालसम्म **रु. ८८ लाख ४९ हजार ३ सय १९ रुपैयाँ** राजश्व संकलन भएको छ । व्यवसायी तथा आम नागरिकमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास गराउन राजश्व परामर्श समिति तथा राजश्व शाखाको तदारुकताले राजश्व संकलन कार्यलाई लक्ष्य उन्मुख बनाउन सकिएको छ । तथापि राजश्व बृद्धि र राजश्वको दायरा विस्तारमा पालिका गम्भीर रहेको छ ।

## भौतिक पूर्वाधार तर्फ

आर्थिक वर्ष २०८१/०८२ को बिनियोजित रकम बाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरू भएका छन् । जसमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न हुनुका साथै भवन उद्घाटन गरी सेवा समेत सुचारु गरिएको छ । गाउँपालिकाको १० शैयाको आधारभुत अस्पतालको निर्माण कार्य समेत जारी रहेको छ । सडक तर्फ १० वटै वडाहरुको सबै सडकहरु सरसफाई गर्नुका साथै करिब १२ वटा साना ठूला सडक निर्माण, स्तरोन्नति कार्य सम्पन्न गरिएको छ । खारानेटा-विताडाँडा-झ्यामखोला-मुरुडाँडा सडक स्तरोन्नति कार्य जारी रहेको छ । चिनछरे-लसुने-करेलीखोरिया-बाँदरपानी सडक निर्माण कार्य सम्पन्न भएको छ । त्यस्तैगरी पैरेटा-इन्द्र-अर्मालीडेरा-ढुंगेघर चौतारा-पितिवाङ सडक र साजारुख-आवि भुम्के-बरेनटी-टोट्के सडक निर्माणको अन्तिम चरणमा पुगेको छ ।

शहिद स्मृति प्रतिष्ठान भवन निर्माण कार्य सम्पन्न गरिएको छ । ७ नम्बर वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको छ । कुनवाङखोला सडक पुल निर्माण कार्य र खाराखोला सडक पुल निर्माण कार्य सम्पन्न भएको छ । आधारभूत स्वास्थ्य सेवा केन्द्र विताडाँडाको भवन निर्माण कार्य समेत सम्पन्न भएको छ । त्यसैगरी त्रिवेणी मावि सिम्रुतुमा भवन निर्माण कार्य सम्पन्न भएको छ । खारानेटा खोरबारे घोरेढुंगा सडक निर्माण कार्य सम्पन्न भएको छ । माझगाउँ स्वास्थ्य केन्द्र गैरीखेत सडक स्तरोन्नति कार्य सम्पन्न भएको छ । सिम्रुत क्याम्पस घेराबार तथा पर्खाल निर्माण कार्य सम्पन्न भएको छ । बालबोध आवि भुम्के, कालिका आवि दाङचुङको भवन निर्माण कार्य सम्पन्न भएको छ । तल्लो मालुबेला टुनिबोट सिंचाई योजना निर्माण कार्य सम्पन्न भएको छ । बन्चरे धुम त्रिशुले सडक निर्माण कार्य सम्पन्न भएको छ । राप्ती राजमार्गदेखि त्रिवेणी गाउँपालिका जोड्ने सडक स्तरोन्नति कार्य अन्तिम चरणमा रहेको छ । दिव्यचक्ष्यु मावि घेराबार तथा भौतिक संरचना निर्माण कार्य सम्पन्न भएको छ ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## विपद् व्यवस्थापनतर्फ

२०८० कार्तिक १७ गते जाजरकोट केन्द्र बिन्दु भएर गएको भूकम्पको पुनःनिर्माणको काम हालसम्म पनि सुरु हुन सकेको छैन्। उक्त भूकम्पले नागरिकहरुका निजि आवास गोठ शौचालय विद्यालय भवन स्वास्थ्य भवन र अन्य सरकारी भवनहरु खानेपानी ट्यांकी विद्युतका पोल सडक लगायतका संरचनामा ठूलो क्षति पुऱ्याएको थियो। प्रारम्भिक डाटा अनुसार ५०६८ घरमा पूर्ण वा आंशिक क्षति पुगेको थियो। त्यस मध्ये ४७२५ जनाले अस्थायी आवास निर्माण लागि पहिलो किस्ता रकम रु २५ हजारका दरले रकम रु ११ करोड ८१ लाख २५ हजार वितरण गरिएको छ साथै दोस्रो किस्ता ४६३५ जनाको रु २५ हजारका दरले जम्मा रु ११ करोड ५८ लाख ७५ हजार गरि जम्मा रकम रु. २३ करोड ४० लाख उपलब्ध गराइएको छ भने ९० जनाले दोस्रो किस्ता पाउन बाँकी रहेको छ र २४३ जनाले दुबै किस्ता पाउन बाँकी छ। DDA को काम भर्खर सम्पन्न भएको छ र त्यसको विवरण आउन बाँकी छ। भूकम्पको समयमा नेपाल रेडक्रस सोसाइटी, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान, रोटरी इन्टरनेशनल एन् सेट, IOM लगायत विभिन्न गैरसरकारी संघसंस्था र ब्यक्तिहरुबाट समेत विभिन्न सहयोग प्राप्त भएको कुरा अघिल्लो वर्ष समिक्षा भै सकेको छ। यस वर्ष चार वटा घरमा आगजानी र विदेशमा मृत्यु भएका नागरिकलाई निशुल्क घरमा पुऱ्याउने काम र राहत उपलब्ध गराइएको छ। मनसुन जन्य प्राकृतिक प्रकोपबाट २६ जना र दिर्घरोगी २० जना गरि जम्मा ४६ जनालाई राहत वितरण गरिएको छ।

## शिक्षा, युवा तथा खेलकुद तर्फ

शिक्षा क्षेत्रका भौतिक संरचना निर्माण अन्तर्गत बालबोध आ.वि र कालिका आ.वि दाङ्चुङ् ४ कोठे भवन निर्माण सम्पन्न भएको छ। त्रिवेणी मा.वि सिम्रुतुमा २ र ४ कोठे भवन निर्माण भैरहेका छ। हिमालय मा.वि ४ कोठे भवन र पर्खाल घेरावार निर्माण भैरहेका छ। जनप्रिय मा.वि मा ४ कोठे भवन र पर्खाल निर्माण भैरहेको छ। नमूना आ.वि तमाकछरे र यूवा जनजागरण आ.वि कूरल ४ कोठे भवन निर्माण भैरहेको छ। बालशिक्षा आ.वि गैरिनेटा २ कोठे भवन निर्माण सम्पन्न भएको छ। सरस्वति आ.वि फिल्ड, दिव्यचक्षु मा.वि घेरावार, सिम्रुतु क्याम्पस घेराबार पर्खाल निर्माण सम्पन्न भएका छन्। जनस्थापना आ.वि लाइत, जनहित आ.वि चौतारा र बालबोध आ.वि भम्के शौचालय निर्माण सम्पन्न भएका छन्। साधारण मा.वि मुरु डाँडा र यूवा जनजागरण आ.वि. कूरलमा फर्निचर निर्माणको काम सम्पन्न भएको छ। भिम कल्यान आ.वि बाँठाकोटमा सोलार र व्याकअप खरिद गरिएको छ। स्थानीय पाठ्यक्रम निर्माण गरेर र कार्यन्वयन गरिएको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

कक्षा ८ को परिक्षा संचालनको व्यवस्थापन गरिएको छ। राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न गरिएको छ। बालविकास सहजकर्ताको तालिम, आई.सि.टी तालिम संचालन गरिएको छ। कम्प्युटर कक्षा, स्मार्टबोर्ड, प्रयोगशाला थप गरी शिक्षालाई प्रविधि सँग जोड्ने प्रयास भएको छ। दिवा खाजा सुचारु भएको छ। समयमै विद्यार्थीको हातहातमा किताव पुगेको छ। एकिकृत पाठ्यक्रम २०७६ को मुल्याङ्कण सम्बन्धि शिक्षकलाई तालिम दिइएको छ। प्र.अ. हरुको लागि Real Plan कार्यान्वयनका लागि अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ। समयमै स्यानटरी प्याड उपलब्ध भएको छ। गाउँपालिका अनुदान शिक्षकको व्यवस्था शिक्षामा सुधारको प्रयास भएको छ।

## स्वास्थ्य तथा पोषण तर्फ

नागरिकलाई गुणस्तरिय स्वास्थ्य सेवा घर आगन बाटै उपलब्ध गराउने उद्धेश्यले एक वडा एक स्वास्थ्य चौकी संचालनमा आएका छन्। खोप केन्द्र र गाउँघर क्लिनिक मार्फत नियमित खोप कार्यक्रम सहज ढंगले सम्पन्न भएका छन्। गाउँपालिका अस्पतालबाट आँखा उपचार सेवा, भिडियो एक्सरे सेवा, ल्याव सेवा प्रदान भै रहेको छ। आयुर्बेद शाखा मार्फत आयुबेद सेवा उपलब्ध भै रहेको छ। स्वास्थ्य स्वयमसेविका प्रोत्साहन कार्यक्रम, सुत्केरी पोषण कोशेली कार्यक्रम, आधारभूत औषधी खरिद र वितरण जस्ता कार्यक्रमहरु संचालन भएका छन्। मृगौला प्रत्यारोपन गरेको डाइलाइसिस गराइ रहेको, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका २० जना विरामीलाई मासिक ५ हजार भत्ता उपलब्ध भएको छ। महामारी जन्य रोग रोकथाम अनुसन्धान र नियान्त्रण सम्बन्धि अभिमूखिकरण, समुदायलाई क्षयरोग सम्बन्धि अभिमुखिकरण, एक घरदैलो क्षयरोग खोज पडताल कार्यक्रम संचालन भएको छ। आधारभूत स्वास्थ्य सेवा केन्द्रको न्यूनतम मापदण्ड कार्यक्रम, स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपनका लागी स्वास्थ्य कर्मीद्धारा घरधुरी सर्वेक्षण, पालिकाबाट वडा भेरीफिकेशन, अनुगमण, प्रमाणिकरण, सुपरिबेक्षण भएको छ। मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरक, सेवा रक्तसंचार, न्यानो झोला, सुरुक्षित निशुल्क गर्भपनत र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम संचालन भएको छ। एच.पि.भि खोप अभियान तथा नियमित खोप संचालनको लागि स्वास्थ्यकर्मी तालिम, महिला स्वास्थ्य स्वयम सेविका अभिमुखिकरण, विद्यालय शिक्षक पालिका खोप समन्वय समितिको बैठक सम्पन्न भएका छन्। जुनोटिक रोग AMR सम्बन्धि पैरवी र अभिमुखिकरण डेगु लगायत किट जन्य रोग नियन्त्रणका लागी लामखुट्टेको बास स्थान नष्ठ गर्न विद्यालय शिक्षा कार्यक्रम, सरोकारवाला सँग अभिमुखिकरण र किटजन्य रोग नियन्त्रणका लागी डाटा भेरीफिकेसन गर्ने काम भएको छ। प्रजनन् रुग्नता स्वास्थ्य सेवा, परिवार योजना सेवा, पोषण कार्यक्रम, स्वास्थ्य शिविर, दिर्घरोगी उपचार सिफारिसका काम नियमित भएका छन्। विदेशमा मृत्यु भएका नागरीकलाई एम्बुलेन्स मार्फत निःशुल्क घरमा पुऱ्याउने, गर्भवति महिलाहरुलाई घर देखि स्वास्थ्य संस्था सम्म निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ।

## रोजगार तर्फ

आ.व. २०८१/०८२ मा बेरोजगार ब्यक्तिको संख्या २००५ जना भएको मा रोजगार पाउने संख्या जम्मा ६२६ जना रहेको छ।बेरोजगारको तथ्यांक संकलन प्रधानमन्त्री रोजगार कार्यक्रमको १ वडा १ आयोजना कार्यक्रम मार्फत वेरोजगार यूवाहरुलाई रोजगारी प्रदान गरेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम १० वटै वडामा संचालन गरी बेरोजगार सुचिमा रहेका सामुदायिक आयोजना मार्फत जम्मा ७६ जनालाई १०० दिनको रोजगारी दिइएको छ।मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडामा जम्मा ६५० जना बेरोजगार ब्यक्तिलाई रोजगार प्रदान गरिएको छ।बैदेशिक रोजगारीको शिलसिलामा मृत्यु भएका ४ जना व्यक्तिको परिवारलाई क्षतिपूर्तिको लागि सहजिकरण गरिएको छ।बैदेशिक रोजगारीको शिलसिलामा बेपत्ता भएका १ जना व्यक्तिको उद्धारमा सहजिकरण गरिएको छ।बैदेशिक रोजगारीको लागि १० जनाको श्रम स्वीकृति गरिएको छ।

## उद्यम विकास तर्फ

पुन ताजकी (एडभान्स) सीप विकास तालिम अन्तर्गत ४५ दिन कटाइ सिलाई तालिम वडा नं ८ सम्पन्न भएको छ।नयाँ उद्यमी सिर्जना तर्फ तिन महिने कटाइ सिलाई सिप विकास तालिम वडा नं १ देखि ५ का सहभागीतामा वडा नं २ सिम्रुतुमा सम्पन्न भएको छ।प्रविधि हस्तान्तरण कार्यक्रम तर्फ वडा नं १० मा सरफ उत्पादन लघु उद्यमी समुहलाई प्याकेजिङ्ग र पिन्टिङ्ग मेसिन हस्तान्तरण गरियो।

## महिला बालबालिका तर्फः

अपाङ्गता परिचय पत्र वितरण (क) वर्ग ४ जना, (ख) वर्ग १२ जना, (ग) वर्ग ५ जना, (घ) वर्ग ८ जना गरि जम्मा २९ जनालाई वितरण गरिएको छ।जेष्ठ नागरिक परिचय पत्र ४ जनालाई वितरण गरिएको छ।कर्णाली प्रदेश सरकारको बैक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम मार्फत १६६ जनाको खाता संचालन भएको छ।महिला र दलितहरुको ५/५ दिने नेतृत्व विकास तालिम कार्यक्रम सम्पन्न भएका छन्।अन्तराष्ट्रिय महिला दिवस १० वटै वडामा सम्पन्न भएको छ।राष्ट्रिय सहकारी दिवस र ३ दिने कोकोमिस सम्बन्धि तालिम सम्पन्न भएको छ।आदिवासी जनजातिको भाषा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ।

## कृषि तथा पशुसेवा तर्फ

कृषि क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकरणका लागि कृषकहरुको क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण परियोजना मार्फत अनुदानमा कृषि उपकरण वितरण गरिएको छ।कृषकलाई फलफूल खेति र तरकारी खेति सम्बन्धि स्थलगत तालिम, तरकारी तथा च्याउको विऊ वितरण लगायतका कार्यक्रम गरिएको छ।मकै बाली प्रवर्द्धन, ओखर पकेट क्षेत्र कार्यक्रमबाट ओखरका

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

विरुवा वितरण गरिएको छ। पशु स्वास्थ्य परिक्षण, औषधि उपचार, नियमित कृतिम गर्वाधानका साथै भैसी पकेट कार्यक्रम र बाख्रा पकेट कार्यक्रमबाट किसानलाई ५० प्रतिशत अनुदानमा भैसी र बाख्रा वितरण गरिएको छ। स्थानीय जातका बाख्राको नश्लसुधारको लागि उन्नत जातका बोका वितरण गरिएको छ। पशुपालन क्षेत्रको विकास गर्नको लागि पोषिला जातका घाँसको विउँ र वेर्ना वितरण गरिएको छ। गाउँपालिका भरी भेडा बाख्रालाई आन्तरिक तथा बाह्रय परिजिवी विरुद्ध औषधी खुवाउने र प्रथामिक पशु स्वास्थ्य सेवा संचालन सम्पन्न गरिएको छ।

### पञ्जीकरण तर्फ

अन्य जेष्ठ नागरिक ११२५ जना, दलित जेष्ठ नागरिक १५८ जना, एकल महिला जेष्ठ नागरिक १२३ जना, विधुवा २८९ जना, पूर्ण अपाङ्गता भएका व्यक्ति ५० जना, अति अशक्त अपाङ्गता भएका व्यक्ति १८३ जना, क्षेत्र तोकिएका बालबालिका १९९७ जना, दलित बालबालिका ३८५ जना जम्मा सामाजिक सुरक्षा भत्ता खाने ४३१० रहेका छन्। जन्म दर्ता पुरुष २७३ जना र महिला २४५ गरि जम्मा ५१८ जना, मृत्यु दर्ता पुरुष ६९ जना र महिला ५१ जना गरि जम्मा १२० जना, सम्बन्ध विच्छेद दर्ता २२ जना, विवाह दर्ता १९७ जना, बसाई सरी आएको ६ घर परिवारका २२ जना र बसाई सरी जाने २६ घर परिवारका ९१ जना रहेको छ।

### न्यायिक समिति तर्फ

जम्मा मुद्दा दर्ता १६ वटा भएका छन्। जस मध्ये मिलापत्र ७ वटा, जिल्ला अदालत सिफारीस १ वटा, वडा कार्यालय सिफारिस १ वटा र मुल्तवि ७ वटा मुद्दा रहेको छन्। जिल्ला अदालत र न्यायिक समिति कार्यपालिका मेलमिलाप केन्द्र नागरीक र कर्मचारी बिच न्याय सम्पादन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।

### सभाध्यक्ष महोदय,

अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चूनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु।

- यस चालु आर्थिक वर्ष २०८१।०८२ मा स्वीकृत बजेट बमोजिम संघीय सरकारबाट समानीकरण तर्फ र राजश्व बाँडफाँड तर्फको सीमा बमोजिमको बजेट प्राप्त नहुँदा संचालित आयोजना प्रभावित भएका छन् । यसकारण सीमित बजेट तथा स्रोत साधनबाट जनताका असीमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच बृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्य संचालन गर्ने क्रममा निर्माण व्यवसायी र उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी विकासमा गुणस्तरीयता कायम गर्न चूनौति रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म यस सम्मानित सभा समक्ष आ.व. ०८२।८३ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु ।

२) कृषि पेशालाई व्यवसायिक र आधुनिक प्रविधिमैत्री बनाई कृषकहरुको जीवनस्तरमा सुधार ल्याउनु ।

३) दुग्धजन्य उत्पादन वृद्धि र दुग्ध प्रशोधन गरी निर्यातमा सहजता ल्याई कृषकलाई आत्मनिर्भर बनाउनु ।

४) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्धन गर्नु ।

५) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका पुर्वाधार संरचनाको विकास गर्नु ।

६) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाईलाई प्राथमिकताका साथ परिपुर्ति गर्नु ।

७) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।

८) सडक, झोलुंगे पुल, मोटरेवल पुल, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढिकरण र विकास गर्नु ।

९) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउनु ।

१०) स्वच्छ पिउने पानी तथा सरसफाईमा गाउँबासीको पहुँचमा वृद्धि गर्नु ।

११) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।

१२) स्थानिय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

१३) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्नु ।
१४) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्नु ।
१५) विपद जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्नु ।
१६) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु ।
१७) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्नु ।

**सभाध्यक्ष महोदय,**

**बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास, सुशासन र सेवा प्रवाहमा सुधार,
- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा बृद्धि, मानव संसाधन विकास ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८२/०८३ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**स्वास्थ्य सेवा र पोषण तर्फ**

- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम,

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद गर्न र समग्र स्वास्थ्य क्षेत्रको सुदृढिकरण गर्न **रु. २ करोड ६२ लाख** विनियोजन गरेको छु।

- गाउँपालिकाको १० शैयाको आधारभूत अस्पतालको निर्माणाधीन भवनको कार्य सम्पन्न गर्नका लागि **रु. २ करोड ५१ लाख** विनियोजन गरिएको छ।
- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा जिल्लाभित्रका स्वास्थ्य संस्थासम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्थालाई मिलाएको छु। गर्भवती चेकजाँचको लागि प्रत्येक महिनामा एकपटक चिकित्सक सहित ग्रामीण भिडियो एक्सरे र प्रयोगशाला सेवा दिने व्यवस्था मिलाएको छु, सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवं अन्य अन्य वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गर्न एवं संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक आरोग्य केन्द्र मार्फत प्रदान गरिने सेवालाई निरन्तरता दिइएको छ। जसका लागि **रु. ४ लाख** विनियोजन गरेको छु।
- किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरी मातृशिशु स्वास्थ्य एवं आमा तथा बच्चाको पोषणको अवस्था सुधार गर्न **रु. ३६ लाख** विनियोजन गरिएको छ।

**कृषि तथा पशुसेवा तर्फ**

- कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमका लागि **रु. ५ लाख** विनियोजन गरेको छु। राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत बाखाको नयाँ पकेट विकास कार्यक्रम संचालनका लागि **रु. १५ लाख** विनियोजन गरेको छु।
- कृषि सामाग्री तथा कृषि यान्त्रिकरण, बीउविजन तथा विषादी वितरण गर्नुका साथै कृषकको क्षमता विकासका विभिन्न गतिविधिहरु संचालन गरिनेछ, जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- मध्यपहाडी मकै बाली प्रवर्द्धन कार्यक्रमका लागि **रु. ७ लाख** विनियोजन गरिएको छ।
- प्याजको विउ उत्पादन कार्यक्रमका लागि **रु. ९ लाख ७५ हजार** विनियोजन गरेको छु।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- पशुसेवा शाखा मार्फत गाउँपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन बृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डालेघाँस प्रवर्द्धन र घाँसखेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा, युवा तथा खेलकूद तर्फ**

- शैक्षिक गुणस्तर सुधारका लागि प्रविधिको प्रयोग तथा भौतिक पक्षको सुधार, खानेपानी तथा सरसफाई सम्बन्धी सरोकारवालाहरुको क्षमता अभिबृद्धि तथा परिचालन परियोजनाको लागि **रु. १ करोड ३७ लाख** विनियोजन गरेको छु ।
- सबैका लागि शिक्षा कार्यक्रम-आधारभूत तह (आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान) का लागि **रु. ८ करोड ७६ लाख** विनियोजन गरिएको छ ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान स्वरुप **रु. २ करोड ८ लाख** विनियोजन गरिएको छ ।
- गाउँपालिका अनुदान शिक्षक, कर्मचारीहरुको तलब भत्ता स्वरुप **रु. ५ करोड** विनियोजन गरेको छु ।
- विद्यालय शिक्षा क्षेत्र योजना सञ्चालनका लागि **रु. ६ करोड १४ लाख** विनियोजन गरिएको छ ।
- शैक्षिक क्षेत्रको समग्र विकासका लागि शिक्षा युवा तथा खेलकूद शाखामार्फत विभिन्न क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि **रु. १० लाख** विनियोजन गरेको छु ।
- विद्यार्थीहरुलाई खेलप्रति आकर्षण बढाउन विद्यालय स्तरीय तथा पालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**पूर्वाधार विकास तथा सडक निर्माण तर्फ**

- त्रिवेणी चक्रपथ सडक निर्माण तथा स्तरोन्नति योजना निर्माणका लागि **रु. १ करोड ७५ लाख** विनियोजन गरेको छु ।
- लामाखेत-जिवाङ-लामामेला-रोल्पा सडक निर्माणका लागि **रु. १ करोड** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- कोरवाङखोला-दाङचुङ-बल्लेजुरा-कालापोखरा सडक निर्माणका लागि रु १ **करोड** विनियोजन गरेको छ ।
- खुरखुरी बाँठाकोट पतेरी पैरेठा ढुंगेघर सडक स्तरोन्नति त्रिवेणी ६, ७ र ८ का लागि रु १ **करोड** विनियोजन गरेको छ ।
- खुरखुरे बाँठाकोट झ्यामखोला सडक निर्माणका लागि रु २० **लाख** विनियोजन गरेको छ ।
- जनप्रिय मावि पेउघाको २ कोठे भवन तथा शौचालय निर्माणका लागि रु. १५ **लाख** विनियोजन गरेको छ ।
- सरस्वती आवि हर्लेखारा भवन निर्माणका लागि रु. १५ **लाख** विनियोजन गरेको छ ।
- बालबोध आधारभूत विद्यालय भुर्तिवाङको भवन निर्माणका लागि रु. १५ **लाख** विनियोजन गरिएको छ ।
- भेरीखोला पेदीखेत सिंचाई योजना निर्माण त्रिवेणी ८ का लागि रु. १० **लाख** विनियोजन गरेको छ ।
- छोटेकाँडा देखि गुरगुरे सम्म सडक निर्माण त्रिवेणी ४ का लागि रु. १५ **लाख** विनियोजन गरेको छ ।
- साउनेपानी बडारा नालेचौर ठूलाखोला चिनाली सडक निर्माण त्रिवेणी ९ का लागि रु. १५ **लाख** विनियोजन गरेको छ ।
- झुल्नेटा पाँग्राटाकुरी ठूलीखोरिया सल्ले डाँडा सुकीदह सडक निर्माणका लागि रु. १५ लाख विनियोजन गरेको छ ।

**खानेपानी तथा सरसफाई तर्फ**

- दिगो सरसफाई आयोजना मार्फत गाउँपालिका भित्र तोकिएका वडाहरुमा स्वच्छ खानेपानी एवं सरसफाईका लागि विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ । दिगो सरसफाई आयोजना संचालनका लागि रु. १ **करोड** ८३ **लाख** विनियोजन गरिएको छ ।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फ**

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- रुँघाखोला भ्रो.पु. र हाइवाङखोला भ्रो.पु. निर्माण कार्य निरन्तरताका लागि **रु. १० लाख** विनियोजन गरिएको छ ।

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फ**

- वन वातावरण संरक्षणका लागि वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ । जसका लागि **रु. १ लाख** विनियोजन गरेको छु ।
- भूकम्पपछिको पुननिर्माण, विपद् जोखिम न्यूनिकरणका लागि संघीय सरकार र प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको सहकार्यमा पुननिर्माण कार्य अगाडि बढाइनेछ ।
- मनसुनजन्य बाढीपहिरो, आगलागी जस्ता विपद् जोखिम न्यूनिकरण तथा राहत व्यवस्थापनका लागि **रु. ११ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिकाको मुख्य बजार झुल्नेटा र सिम्रुतुको फोहोरमैला व्यवस्थापनका लागि **रु. ५ लाख** विनियोजन गरेको छु ।

**रोजगार तर्फ**

- त्रिवेणी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई राष्ट्रिय रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय तह मार्फत हुने विकास निर्माणका योजनाहरु मार्फत करिब एकसय युवाहरुलाई रोजगारी उपलब्ध गराईने छ । राष्ट्रिय रोजगार कार्यक्रम तर्फ **रु. ४३ लाख** विनियोजन गरिएको छ । राष्ट्रिय रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुमा लगानी साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडाहरुमा योजना सञ्चालनका लागि **रु. १ करोड ५० लाख** विनियोजन गरिएको छ ।

**उद्यम विकास तर्फ**

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने, आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने र लघु उद्यम विकास

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **१४ लाख** विनियोजन गरिएको छ ।

न्यायिक समिति तर्फ

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिबृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **१० लाख** विनियोजन गरेको छु ।

लक्षित वर्ग (महिला, बालबालिका, दलित, जनजाति तथा शहिद परिवार) तर्फ

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका महिला तथा बालबालिका शाखा, एकल महिला र महिला लक्षित सहित रु. **३५ लाख** विनियोजन गरेको छु ।
- शहिद परिवारको आत्मसम्मान तथा आयबृद्धिका लागि रु. **३ लाख** विनियोजन गरेको छु ।
- दलित उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **१० लाख** विनियोजन गरेको छु ।
- जनजाति उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **१० लाख** विनियोजन गरेको छु ।
- युवा तथा खेलकूद कार्यक्रम सञ्चालनका लागि रु. **१० लाख** विनियोजन गरेको छु ।

पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फ

- त्रिवेणी गाउँपालिका ६ मा निर्माणाधीन जनयुद्ध संग्रालय निर्माणको कामलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- सिम्रुतु र पेदीखेतमा घाट व्यवस्थापनका लागि रु. **२० लाख** विनियोजन गरेको छु ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- त्रिवेणी गाउँपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि रु. **३ लाख** र त्रिवेणी प्रज्ञा प्रतिष्ठानको कार्यक्रम संचालनको लागि रु. **२ लाख** व्यवस्था गरेको छु ।
- शहिद पार्क निर्माण बर्नेटीका लागि रु. **३ लाख** विनियोजन गरेको छु ।

## सूचना तथा सञ्चार

- त्रिवेणी गाउँपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ । नियमित पत्रकारहरुसँग भेटघाट र अन्तर्क्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ । पत्रकारहरुको समग्र क्षमता विकासका लागि गतिविधि सञ्चालन गरिनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

## गैरसरकारी संघ संस्था तर्फ

त्रिवेणी गाउँपालिकाभित्र कार्य सञ्चालनका लागि विभिन्न समयमा अनुमति लिएका गैर सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गरी कार्यक्रम संचालन गरिनेछ । गैर सरकारी संस्थासँगका विभिन्न क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । संघीय सरकार र प्रदेश सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ । बजेट सम्बन्धी विस्तृत विवरण अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

**सभाध्यक्ष महोदय,**

**बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ।**

आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि रु. **५४ करोड ८६ लाख ३२ हजार** रुपैंया विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालुतर्फ रु. **४१ करोड ५४ लाख ३२ हजार** अर्थात **७५.७२ प्रतिशत** र पुँजीगततर्फ रु. **१३ करोड ३२ लाख** अर्थात **२४.२८ प्रतिशत** रहेको छ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. **२ करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **८ करोड ५५ लाख**, संघीय सरकार सशर्त अनुदानबाट रु. **२५ करोड ६९ लाख**, *संघीय विशेषतर्फ रु. **१ करोड ३७ लाख**,* संघीय सरकार राजश्व बाँडफाँडबाट रु. **८ करोड ३४ लाख**, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **१ करोड ७ लाख ८० हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट रु. **३ करोड ८१ लाख ३२ हजार**, *प्रदेश सरकार समपूरकतर्फ रु. **१ करोड** र* प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. **१६ लाख ७८ हजार ६ सय ७५** र आर्थिक वर्ष २०८१/०८२ मा खर्च नभई बचत हुने रकम रु. **१ करोड ६३ लाख ४१ हजार ३ सय २५** प्रक्षेपण गरेको छु।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८२/०८३ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ।**

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजश्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ।
- वडा र गाउँपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाईनेछ।
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराईने छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

**अध्यक्ष महोदय,**

बजेट तयारीको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

.........................

राजकुमारी रेउले

उपाध्यक्ष